# इलामको सेरोफेरो

## स्थानीय पाठ्यक्रम
## आधारभूत तह
## (कक्षा ६ – ८)

**नगर शिक्षा समिति**
**पाठ्यक्रम निर्माण उपसमिति**
**इलाम नगरपालिका, इलाम**

**विषय सूची**


क. परिचय

ख. औचित्य

ग. पाठ्यक्रमको संरचना

घ. विषयवस्तुको क्षेत्र

ङ. सक्षमताहरु

च. कार्यघण्टा

छ. विषयवस्तुको क्षेत्र र क्रम

ज. सिकाइ उपलब्धि

झ. सिकाइ सहजीकरण प्रक्रिया

ञ. मूल्याङ्कन

ट. अनुसूचीहरु

## क. परिचय

नेपालको संविधान २०७२, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०७६ र पन्ध्रौं योजना २०७६/०७७ -२०८०/०८१ को मर्म र भावना अनुसार इलाम नगरपालिकाभित्र कार्यान्वयन गर्ने गरी **इलामको सेरोफेरो** नामक स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । यो पाठ्यक्रमले इलाम नगरपालिकाको प्राकृतिक, जैविक, सामाजिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक एवं पुरातात्विक पक्षलाई समेट्ने प्रयास गरेको छ । यो पाठ्यक्रमलाई एकीकृत पाठ्यक्रमको रुप दिने प्रयत्न गरिएको छ ।

## ख. औचित्य

नेपाल भौगोलिक, जैविक, सामाजिक, धार्मिक एवं सांस्कृतिक दृष्टिले विविधतायुक्त देश हो । केन्द्रीय तहबाट निर्माण गरिएको पाठ्यक्रमले स्थानीय परिवेशलाई पूर्ण रुपमा समेट्न सक्दैन । त्यसैले स्थानीय क्षेत्रमा ओझेलमा परेका विषयवस्तुहरुलाई उजागर गर्न, बालबालिकाहरुलाई आफ्नो स्थानीय एवम् परम्परागत परिवेश प्रति परिचित गराउन र स्थानीय स्रोत सम्पदा र मूल्य मान्यता प्रति नागरिकहरुको अपनत्व जगाउने अभिप्रायले यो इलामको सेरोफेरो नामक पाठ्यक्रम तयार गरिएको छ । यसको कार्यान्वयन पश्चात् पाठ्यक्रमले निर्दिष्ट गरेका कक्षागत र क्षेत्रगत सिकाइ उपलब्धिहरु प्राप्त गर्न एवम् तहगत सक्षमता हासिल गर्न विद्यार्थीहरु सक्षम हुनेछन् भन्ने अपेक्षा गरिएको छ ।

### ग. कक्षा ६-८ को पाठ्यक्रम संरचना :-

| क्र.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अंग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७ | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

## घ. विषयवस्तुको क्षेत्रः

१. इलाम नगरपालिकाको भौगोलिक अवस्था, जनसङ्ख्या र राजनैतिक संरचना
२. प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण
३. जाति, धर्म, संस्कृति र कला
४. पेसा, व्यवसाय तथा आर्थिक जनजीवन
५. पोषण, स्वास्थ्य, सरसफाइ र खेलकुद
६. सुरक्षा, विपद् व्यवस्थापन र सामाजिक संघसंस्थाहरु
७. हाम्रा नैतिक मूल्य, मान्यता, शिक्षा र सामाजिक व्यक्तित्वहरु
८. जीवनोपयोगी सिपः योगा र व्यवहार कुशल सिपहरू
९. हाम्रो पर्यटन

## ङ. तहगत सक्षमताः

**यस तहको अन्त्यमा विद्यार्थीहरुले देहाय बमोजिमका सक्षमताहरु हासिल गर्नेछन् :-**

१. इलाम नगरपालिकाको भौगोलिक अवस्था, हावापानी र जनसङ्ख्याको जानकारी
२. इलाम नगरपालिकाको नक्सा निर्माण र महत्वपूर्ण स्थानहरूको पहिचान
३. जलवायु परिवर्तन, वातावरण संरक्षण र दिगो विकासका बिषयमा जानकारी
४. इलाम नगरपालिका भित्रका जातजाति, भाषा, धर्म, संस्कृति एवं कलाको परिचय र संरक्षण
५. इलाम नगरपालिकाको कृषि, पशुपन्छीपालन, व्यापार, उद्योग र नोकरीको जानकारी
६. पोषण, स्वास्थ्य, सरसफाइ र खेलकुदको क्षेत्रमा इलाम नगरपालिकाको अवस्थाको ज्ञान
७. विपद्का कारण, असर र न्यूनीकरणका उपायहरुबारे जानकारी र त्यससँग संलग्न संघ संस्थाहरूको पहिचान
८. हाम्रा नैतिक मूल्य, मान्यता, संस्कार र संस्कृतिको परिचय र अनुसरण
९. ओझेलमा परेका सामाजिक व्यक्तित्वहरूको परिचय
१०.जीवनोपयोगी सिपको प्रारम्भिक ज्ञान र अभ्यास
११.इलाम नगरपालिकाभित्रका पर्यटकीय क्षेत्रहरूको परिचय र पर्यटनको महत्वको जानकारी

## च. पाठ्यघण्टा

| क्र. सं. | विषयक्षेत्र/एकाइको नाम | पाठ्घण्टा |
|---|---|---|
| १. | इलाम नगरपालिकाको भौगोलिक अवस्था, जनसंख्या र राजनैतिक संरचना | १४ |
| २. | प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण | १४ |
| ३. | जाति, भाषा, धर्म, संस्कृति र कला | १५ |
| ४. | पेसा, व्यवसाय तथा आर्थिक जनजीवन | १४ |
| ५. | पोषण,स्वास्थ्य,सरसफाइ र खेलकुद | १४ |
| ६. | सुरक्षा, विपद् व्यवस्थापन र सामाजिक संघसंस्थाहरु | १५ |
| ७. | हाम्रा नैतिक मूल्य, मान्यता, शिक्षा र सामाजिक व्यक्तित्वहरु | १४ |

| क्र. सं. | विषयक्षेत्र/एकाइको नाम | पाठ्घण्टा |
|---|---|---|
| ८. | जीवनोपयोगी सिप | १४ |
| ९. | हाम्रो पर्यटन | १४ |
| **जम्मा पाठ्यघण्टा** | | १२८ |

## छ.  कक्षागत सिकाइ उपलब्धि

## कक्षा ६

**कक्षा ६ को अन्त्यमा विद्यार्थीहरूले देहाय बमोजिमका सिकाइ उपलब्धि हर, हासिल गर्नेछन्।**

१. इलाम नगरपालिकाको भौगोलिक स्वरूप र वडा विभाजनबारे बताउन
२. इलाम नगरपालिकाको जनसङ्ख्याको, आकार, वितरण, बनोट र जनघनत्व बताउन
३. जलवायु परिवर्तनका कारण, असर र न्यूनीकरणका उपायहरू उल्लेख गर्न
४. प्राङ्गारिक मल र जैविक विषादीको अवधारणासँग परिचित हुन
५. हरित विद्यालयको अवधारणा सँग परिचित हुन र त्यसको अभ्यास गर्न
६. हाम्रा परम्परागत नृत्यहरु ( केलाङ, डम्फू, बालम, हुर्रा) सँग परिचित हुन
७. इलाम नगरपालिकाभित्र बोलिने भाषा र लिपिको विवरण तयार पार्न
८. हाम्रा देवस्थलहरूको विवरण दिन
९. परम्परागत कृषि प्रणाली र कृषिमा आधुनिकीकरणको विषयमा जानकारी प्राप्त गर्न
१०. इलाम नगरपालिकाभित्र सञ्चालित घरेलु तथा साना उद्योगहरूको अवस्था बताउन
११. इलाम नगरपालिकामा सडक यातायातको विकासक्रम बताउन
१२. हाम्रा ग्रामीण सडकहरूको वर्तमान अवस्था र आर्थिक जनजीवनमा तिनीहरूले पारेको प्रभाव उल्लेख गर्न
१३. परम्परागत आधुनिक कृषि सामग्रीको परिचय दिन
१४. पोषणयुक्त खानाको परिचय र महत्व बताउन
१५. हरित शन्ति अभियानको विवरण प्रस्तुत गर्न
१६. स्वास्थ्य उपचारका परम्परागत विधिहरुको वर्णन गर्न
१७. स्वस्थ शरीरको लागि खेलकुदको महत्व वताउन
१८. विपद्का कारण, असर र न्यूनीकरणका उपायहरु बताउन
१९. व्यस्त सडकमा पैदल यात्रीले पालन गर्नुपर्ने नियमहरूको सूची बनाउन र ट्राफिक बत्तीको संकेत पहिचान गरी सोही अनुसारको व्यवहार प्रदर्शन गर्न
२०. जुनियर रेडक्रस सर्कलको परिचय दिन र त्यसमा सहभागी हुन
२१. हाम्रा परम्परागत नैतिक मूल्य र मान्यताहसको परिचय दिन
२२. इलाम नगरपालिकाको शिक्षाको ऐतिहासिक विकासक्रम बताउन
२३. राहसल बाल अनाथालयको विषयमा जानकारी प्राप्त गर्न
२४. तोकिएका सामाजिक व्यक्तित्वको परिचय दिन
२५. सूर्य नमस्कार र अनुलोमविलोम प्राणायामको अभ्यास गर्न
२६. कागजबाट बन्ने घरायसी सामग्रीहरू (खाम, फिरफिरे, फूल, चङ्गा आदि) निर्माण गर्न

२७.आकस्मिक रुपमा हुन सक्ने बिरामी (घाउ चोट लाग्ने, बान्ता हुने, रिङ्गटा लाग्ने, आगोले पोल्ने, नाथ्री फुट्ने आदि) को प्राथमिक उपचारको जानकारी प्राप्त गर्न
२८.इलाम नगरपालिकाको आर्थिक र सामाजिक विकायमा पर्यटन व्यवसायको भूमिका उल्लेख गर्न
२९.पर्यटकीय स्थल माइस्थान र महभिरको परिचय दिन

## कक्षा-७

**कक्षा ७ को अन्त्यमा विद्यार्थीहरुले देहाय बमोजिमका सिकाइ उपलब्धिह हासिल गर्नेछन् ।**

१. इलाम नगरपालिकाको हावापानीको वर्णन गर्न
२. इलाम नगरपालिकाको जनसङ्ख्याका विशेषताहरू बताउन
३. इलाम नगरपालिकाका ऐतिहासिक विशेषताहरु उल्लेख गर्न
४. इलाम नगरपालिका भित्रका सामुदायिक वन र वन पैदावरहरूको सूची बनाउन
५. वातावरण प्रदूषणका कारण, असर र न्यूनीकरणका उपायहरू उल्लेख गर्न
६. इको क्लबको परिचय दिन र त्यसमा सहभागी हुन
७. इलाम नगरपालिकाभित्र बसोबास गर्ने विभिन्न जातजातिहरुका मौलिक संस्कार तथा संस्कृतिको परिचय दिन
८. इलाम नगरपालिकाको साहित्य, कला र संस्कृतिको विगत र वर्तमान बताउन
९. इलाम नगरपालिकामा बसोबास गर्ने लोपोन्मुख लेप्चा जातिको परिचय दिन
१०.परम्परागत पशुपक्षी पालन र पशुपक्षी पालनमा व्यवसायिकीकरणको परिचय दिन
११.इलाम नगरपालिकाभित्र सञ्चालित चिया उद्योगहरुको विवरण प्रस्तुत गर्न
१२.रैथाने बालीको परिचय दिन एवं यसको महत्व र संरक्षणका उपायहरू बताउन
१३.इलाम नगरपालिकामा वस्तु विनिमय प्रणालीदेखि विद्युतीय व्यापार (ई-कमर्स) सम्मको अवस्थाको चित्रण गर्न
१४.धुम्रपान, मद्यपान र लागुपदार्थ दुर्व्यसनले पुर्‍याउने हानि र यसबाट सुरक्षित हुने उपायहरु बताउन
१५.स्वास्थ्य विमा कार्यक्रम र इलाम नगरपालिकामा यसको उपयोग बारे बताउन
१६.इलाम नगरपालिकाभित्र संचालन हुने प्रमुख खेलकुद प्रतियोगिताहरूको वर्णन गर्न
१७.ई-स्पोर्टसको अवधारणा
१८.विपद्पूर्व, विपद्को समयमा र विपद् पश्चात गर्नुपर्ने कार्यहरु उल्लेख गर्न
१९.नेपाल स्काउटको परिचय दिन र त्यसमा सहभागी हुन
२०.कृत्रिम घटना अभ्यासको नमूना प्रस्तुत गर्न
२१.इलाम नगरपालिकामा फरक क्षमता भएका बालबालिकाहरुको लागि शिक्षाको व्यवस्थाको विषयमा बताउन
२२.भाई भगवती वृद्धाश्रमको परिचय दिन
२३.पुस्तान्तर (Generation Gap) को परिचय दिन
२४.तोकिएका सामाजिक व्यक्तित्वको परिचय दिन
२५.उष्ट्राशन र कपालभाती प्राणायामको अभ्यास गर्न
२६.पात, धागो, खोस्टा, पराल, छवाली आदिबाट बन्ने दुना, टपरी, पिरा, गुन्द्री, स्वीटर आदि निर्माणको अभ्यास गर्न
२७.भान्सामा प्रयोग हुने उर्जाको प्रयोग, यसको जोखिम र सुरक्षाका सम्बन्धमा जानकारी प्राप्त गर्न
२८.इलाम नगरपालिकाको पर्यटन प्रवर्द्धनमा देवी परिपथ (देवी सर्किट) को अवधारणा प्रस्तुत गर्न

२९. इलाम नगरपालिकाका पर्यटकीय स्थलहरु सेतीदेवी र कोठीडाँडाको परिचय दिन

**कक्षा-८**

**कक्षा ८ को अन्त्यमा विद्यार्थीहरूले निम्न अनुसारका सिकाइ उपलब्धिहरू हासिल गर्नेछन् ।**

१. इलाम जिल्लाको सदरमुकामको रूपमा र साविक मेची अञ्चलको सदरमुकामको रूपमा इलाम बजारको परिचय दिन
२. वि.सं. २००७ सालको क्रान्ति र वर्तमान इलाम नगरपालिका क्षेत्रको सम्बन्ध उल्लेख गर्न
३. इलाम नगरपालिकाको नवसा निर्माण गरी महत्वपूर्ण स्थानहरुको पहिचान गर्न
४. वातावरण संरक्षण र दीगो विकासको विषयमा जानकारी प्राप्त गर्न
५. प्राकृतिक सम्पदाको उपयोग र वातावरण संरक्षणको क्षेत्रमा स्थानीय सरकारको भूमिका उल्लेख गर्न
६. भूमण्डलीय उष्मीकरण (Global Warning) को बिषयमा बताउन
७. हाम्रा संस्कार र संस्कृति भित्र देखिएका विकृति र विसंगतिहरुको जानकारी प्राप्त गर्न र तिनीहरुको न्यूनीकरणका उपायहरु बताउन
८. हाम्रा पाटी पौवा, धर्मशाला र चौताराहरूको विवरण र वर्तमान अवस्थाको उल्लेख गर्न
९. साहित्य, कला र संस्कृतिको उत्थानमा इलाम नगरपालिकाको भूमिका उल्लेख गर्न
१०. इलाम नगरपालिका भित्रका जलविद्युत आयोजनाहरुको विवरण प्रस्तुत गर्न
११. इलाम नगरपालिकामा सञ्चालित वित्तीय संस्थाहरू बारे जानकारी प्राप्त गर्न
१२. परम्परागत स्थानीय प्रविधि (ढिकी, जाँतो, कोल, चर्खा, ओखल, पानी- घट्ट, चँदारोको प्रविधि, मोही पार्ने प्रविधि......आदि) को पहिचान र व्याख्या गर्न
१३. इलाम नगरपालिकामा रोजगारी, स्वरोजगारी र वैदेशिक रोजगारीको अवस्था उल्लेख गर्न
१४. इलाम नगरपालिका भित्र आयुर्वेदिक, होमियोपेथिक र एलोपेथिक स्वास्थ्य उपचार सुविधाको अवस्था वर्णन गर्न
१५. राष्ट्रिय खेलकुद प्रतियोगितामा इलाम नगरपालिकाको पहिचान बारे जानकारी हासिल गर्न
१६. स्वास्थ्य सचेतनाको क्षेत्रमा विद्यार्थीको भूमिका बारे बताउन र उक्त कार्यमा सहभागी हुन
१७. इलाम नगरपालिका भित्र रहेका नेपाल रेडक्रस सोसाइटीका उपहारखाहरूको सूची तयार गर्न र विपद् व्यवस्थापन कार्यमा तिनीहरूको भूमिकाको वर्णन गर्न
१८. विपद् व्यवस्थापनको क्षेत्रमा विद्यालय, समुदाय र स्थानीय सरकारको भूमिका उल्लेख गर्न
१९. विद्यालय भवन, कक्षाकोठा, शौचालय, चमेनागृह आदिलाई सुरक्षित र बालमैत्री बनाउने उपायहरु बताउन
२०. बालश्रम, यौन दुर्व्यवहार, दुर्व्यसन, मानव बेचविखन जस्ता सामाजिक समस्याहरूको जानकारी प्राप्त गर्न
२१. कृत्रिम बौद्धिकता (Artificial intelligence; AI) को विषयमा जानकारी प्राप्त गर्न
२२. इलाम नगरपालिकामा प्राविधिक शिक्षाको अवसर र अवस्थाको बारेमा जानकारी हासिल गर्न
२३. इलाम नगरपालिकाका प्रथम चेयरमेन पदमबहादुर देवानको परिचय दिन
२४. सेतुबन्दासन र बाह्य प्राणायामको अभ्यास गर्न
२५. बाँस र चोयाबाट बनाउन सकिने घरायसी सामग्रीहरू (कमलदानी, खुत्रुके, फुलदानी, पङ्खा, न्याक आदि) निर्माण गर्ने अभ्यास गर्न
२६. घरायसी प्रयोजनका लागि गरिने विद्युत जडान, यसबाट उत्पन्न हुन सक्ने जोखिम र सुरक्षाका उपायहरूको जानकारी हासिल गर्न
२७. इलाम नगरपालिकामा पर्यटन प्रबर्द्धनका सम्भावना, चुनौति र समस्या समाधानका उपायहरु बताउन
२८. इलाम नगरपालिकाका पर्यटकीय स्थलहरु अरनिको संग्रहालय र सिंहवाहिनी मन्दिरको परिचय दिन

## ज. विषयवस्तुको क्षेत्र र क्रम

| क्र.सं. | क्षेत्र/एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १. | इलाम नगरपालिकाको भौगोलिक अवस्था, जनसंख्या र राजनैतिक संरचना | - इलाम नगरपालिकाको भौगोलिक स्वरूप<br>- इलाम नगरपालिका भित्र समावेश भएका गाविसहरु र वडा विभाजन<br>-इलाम नगरपालिकाको जनसङ्ख्या | - इलाम नगरपालिकाको हावापानी<br>-इलाम नगरपालिकाको जनसङ्ख्याका विशेषताहरु<br>- इलाम नगरपालिकाका ऐतिहासिक विशेषताहरु | -साविक मेची अञ्चलको सदरमुकाम र इलाम जिल्लाको सदरमुकामको रुपमा इलाम बजार<br>- इलाम नगरपालिकाको नक्सा निर्माण र महत्वपूर्ण स्थानहरूको पहिचान<br>-वि.स २००७ सालको क्रान्ति र इलाम नगरपालिका |
| २. | प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण | -जलवायु परिवर्तन र यसको असर<br>-प्राङ्गारिक मल र जैविक विषादीको अवधारणा<br>-हरित विद्यालयको परिचय | -इलाम नगरपालिका भित्रका सामुदायिक वन र वनपैदावरहरु<br>-वातावरण प्रदूषणका कारण, असर र यसको न्यूनीकरणका उपायहरू<br>- इको क्लबको अवधारणा | -वातावरण संरक्षण र दीगो विकास<br>-प्राकृतिक सम्पदाको उपयोग र वातावरण संरक्षणको क्षेत्रमा स्थानीय सरकारको भूमिका<br>-भूमण्डलीय उष्मीकरण (Global Warming) को अवधारणा |

| क्र.सं. | क्षेत्र/एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| ३. | जातजाति, भाषा, धर्म, संस्कृति र कला | - हाम्रा परम्परागत नृत्यहरु (केलाङ, डम्फू, बालन, हुर्रा)<br>-इलाम नगरपालिकाभित्र बोलिने भाषा एवं लिपिहरूको परिचय<br>-हाम्रा मठ, मन्दिर, गुम्वा, माङ्हिम, चर्च आदि देवालयहरूको विवरण | -इलाम नगरपालिका भित्र बसोबास गर्ने विभिन्न जातजातिहरुका मौलिक संस्कार तथा संस्कृतिहरु<br>-इलाम नगरपालिकाको साहित्य, कला र संस्कृतिको विगत र वर्तमान<br>-इलाम नगरपालिकामा लोपोन्मुख लेप्चा जातिको परिचय | - हाम्रा संस्कार एवं संस्कृतिभित्र देखिएका विकृति तथा विसंगतिहरू र तिनीहरूको न्यूनीकरणका उपायहरु<br>-हाम्रा पाटी,पौवा, धर्मशाला र चौताराहरूको परिचय, विवरण र वर्तमान अवस्था<br>-साहित्य, कला र संस्कृतिको उत्थानमा इलाम नगरपालिकाको भूमिका |
| ४. | पेशा, व्यवसाय तथा आर्थिक जनजीवन | -परम्परागत कृषि प्रणाली र कृषिमा आधुनिकीकरण<br>-इलाम नगरपालिका भित्र सञ्चालित घरेलु तथा साना उद्योगहरू,<br>-ग्रामीण सडकहरुको वर्तमान अवस्था र आर्थिक जनजीवनमा तिनीहरूले पारेको प्रभाव | -परमारागत पशुपक्षी पालन र पशुपक्षी पालनमा व्यवसायिकीकरण<br>- इलाम नगरपालिकाभित्र सञ्चालित चिया उद्योगहरु<br>- रैथाने बालीको परिचय, महत्व र संरक्षण<br>-इलाम नगरपालिकामा वस्तु विनिमय प्रणालीदेखि विद्युतीय व्यापार (ई-कमर्स) सम्मको अवधारणा | - इलाम नगरपालिका भित्रका जलविद्युत आयोजनाहरू<br>- इलाम नगरपालिकामा सञ्चालित वित्तीय संस्थाहरु<br>- परम्परागत स्थानीय प्रविधिको पहिचान र व्याख्या (ढिकी, जाँतो, कोल, पानीघट्ट आदि)<br>-इलाम नगरपालिकामा रोजगारी, स्वरोजगारी र वैदेशिक रोजगारीको अवस्था |
| ५. | पोषण,स्वास्थ्य, सरसफाइ र | -पोषणयुक्त खानाको परिचय र महत्व | -धुम्रपान, मद्यपान र लागुपदार्थ दुर्व्यसनले पुऱ्याउने हानि र | -इलाम नगरपालिकाभित्र आयुर्वेदिक, होमियोपेथिक र एलोपेथिक स्वास्थ्य उपचार |

| क्र.सं. | क्षेत्र/एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | खेलकुद | -फोहोर मैला व्यवस्थापन / हरित शन्ति अभियान<br>-स्वास्थ्य उपचारका परम्परागत विधिहरू<br>-स्वस्थ शरीरका लागि खेलकुदको महत्व | यसबाट सुरक्षित हुने उपायहरु<br>- इलाम नगरपालिकामा स्वास्थ्य विमा कार्यक्रम<br>-इलाम नगरपालिकाभित्र सञ्चालन हुने प्रमुख खेलकुद प्रतियोगिताहरु<br>-ई-स्पोर्टस को अवधारणा | सुविधाको अवस्था<br>-राष्ट्रिय खेलकुद प्रतियोगितामा इलाम नगरपालिकाको पहिचान<br>-स्वास्थ्य सचेतनाको क्षेत्रमा विद्यार्थीको भूमिका |
| ६. | सुरक्षा, विपद् व्यवस्थापन र सामाजिक संघसंस्थाहरु | -विपदका कारण, असर र न्यूनीकरणका उपायहरू<br>-ट्राफिक बत्तीको संकेत पहिचान र पैदल यात्रीको कर्तव्य<br>-जुनियर रेडक्रस सर्कल | -सुरक्षाको लागि विपद्पूर्व, विपद्को समयमा र विपद् पश्चात् गर्नुपर्ने कार्यहरु<br>-नेपाल स्काउट<br>-कृत्रिम घटना अभ्यास | -इलाम नगरपालिकाभित्र रहेका नेपाल रेडक्रस सोसाइटीका उपशाखाहरू र विपद् व्यवस्थापनमा तिनीहरूको भूमिका<br>-विपद व्यवस्थापनको क्षेत्रमा विद्यालय, समुदाय र स्थानीय सरकारको भूमिका<br>-विद्यालय भवन, कक्षाकोठा, शौचालय, चमेनागृह आदिलाई सुरक्षित र बालमैत्री बनाउने उपायहरु |
| ७. | हाम्रा मूल्य, मान्यता र सामाजिक व्यक्तित्वहरु | -हाम्रा परम्परागत नैतिक मूल्य र मान्यताहरू<br>-इलाम नगरपालिकामा शिक्षाको ऐतिहासिक विकासक्रम<br>-राहसल बाल अनाथालय<br>- तोकिएका सामाजिक व्यक्तित्व | -इलाम नगरपालिकामा फरक क्षमता भएका बालबालिकाहरूको लागि शिक्षाको व्यवस्था<br>-माइभगवती वृद्धाश्रम<br>-पुस्तान्तरण (Generation Gap) को परिचय<br>- तोकिएका सामाजिक व्यक्तित्व | -बालश्रम, यौन दुर्व्यवहार, दुर्व्यसन, मानव बेचविखन जस्ता सामाजिक समस्याहरूको जानकारी<br>- कृत्रिम बौद्धिकता / यान्त्रिक बुद्धि (Artificial intelligence; AI) को अवधारणा<br>-इलाम नगरपालिकामा प्राविधिक शिक्षाको अवसर र अवस्था<br>- इलाम नगरपालिकाका प्रथम चेयरमेन पदम बहादुर देवान |
| ८. | जीवनोपयोगी | - सूर्य नमस्कार र | -उष्ट्राशन र कपालभाती | - सेतुबन्दासन र बाह्य प्राणायाम |

| क्र.सं. | क्षेत्र/एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | सिप | अनुलोमविलोम प्राणायाम<br>- कागजबाट बन्ने घरायसी सामग्रीहरू<br>- आकस्मिक रुपमा हुन सक्ने बिरामी (घाउ चोट लाग्ने.....) | प्राणायम<br>-पात, धागो, पराल, छवाली, खोस्टा आदिबाट बन्ने सामग्रीहरु<br>- भान्सामा प्रयोग हुने उर्जाको प्रयोग, यसको जोखिम र सुरक्षा | -बाँस र चोयाबाट बनाउन सकिने घरायसी सामग्रीहरू (कमलदानी, खुत्रुके.......)<br>-घरायसी प्रयोजनका लागि गरिने विद्युत जडान, यसबाट उत्पन्न हुन सक्ने जोखिम र सुरक्षा |
| ९. | हाम्रो पर्यटन | -इलाम नगरपालिकाको आर्थिक र सामाजिक विकासमा पर्यटन व्यवसायको भूमिका<br>-पर्यटकीय स्थल माइस्थान<br>-पर्यटकीय स्थल महभिर | -इलाम नगरपालिकाको पर्यटन प्रवर्द्धनमा देवी परिपथ (देवी सर्किट)<br>को अवधारणा<br>-पर्यटकीय स्थल कोठी डाँडा -पर्यटकीय स्थल सेतीदेवी | -इलाम नगरपालिकामा पर्यटन प्रवर्द्धनका सम्भावना, समस्या, चुनौति र समस्या समाधानका उपायहरू<br>-अरनिको संग्रहालय<br>-सिंहबाहिनी मन्दिर |

## झ. सिकाइ सहजीकरण प्रक्रिया

इलामको सेरोफेरो नामक स्थानीय विषयको सिकाइ सहजीकरण प्रक्रियामा विद्यार्थी केन्द्रित शिक्षण विधि अवलम्बन गरिनेछ । सिकाइ सहजीकरण प्रक्रियामा बालमनोविज्ञानलाई केन्द्रविन्दुमा राखेर बालमैत्री शिक्षण विधिको प्रयोग गरिनेछ । सहभागितामूलक सिकाइले विद्यार्थीको जिम्मेवारी र अनुभवमा बृद्धि हुन्छ भन्ने मान्यताका आधारमा यहाँ गरेर सिक्ने ( Learning by doing) भन्ने कुरालाई विशेष महत्व दिइन्छ । यो विषयको सिकाइ सहजीकरण प्रक्रियामा शिक्षकको भूमिका सहजकर्ताको रुपमा रहन्छ । यो विषयको सिकाइ सहजीकरणका लागि सामान्यतया निम्न अनुसारका विधिहरु प्रयोग गर्न सकिन्छ ।

१. छलफल विधि
२. प्रश्नोत्तर विधि
३. अवलोकन विधि
४. क्षेत्र भ्रमण विधि
५. प्रदर्शन विधि
६. अभिनय विधि
७. समस्या समाधान विधि
८. खोज तथा अनुसन्धान विधि

यो पाठ्यक्रम स्थानीय वस्तुस्थितिको सापेक्षतामा तयार भएको पाठ्यक्रम हो । इलाम नगरपालिकाभित्र पनि सबै वडा र विद्यालयहरुमा विषयवस्तुको सन्दर्भ र परिवेशमा एकरुपता नहुन सक्छ । सिकारुको रुचि, उमेर, क्षमता विद्यालयको भौतिक अवस्था शैक्षिक सामग्रीको उपलब्धता आदि कुराहरुको आधारमा सबै विद्यालयहरु र सबै कक्षाहरुमा एकै प्रकारको शिक्षण विधि वा शिक्षण सिकाइ क्रियाकलाप उपयुक्त नहुन सक्छ । त्यसैले आफ्नो परिवेश अनुसार उपयुक्त शिक्षण विधि छनौट गर्नुपर्ने हुन्छ ।

सिकाइलाई रुचिपूर्ण प्रभावकारी र चिरस्थायी बनाउन संगीत, कथा, खेल आदिलाई पनि माध्यमको रुपमा उपयोग गर्न सकिन्छ । यो पाठ्यक्रमले सिकाइ सहजीकरणमा अभिभावकीय संलग्नताको पनि अपेक्षा गरेको छ ।

## ञ. विद्यार्थी मूल्याङ्कन

स्थानीय विषयको विद्यार्थी मूल्याङ्कन पनि राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेको मूल्याङ्कन प्रक्रियाको आधारमा नै गरिन्छ । आन्तरिक र बाह्य दुवै प्रकारको मूल्याङ्कन प्रणाली अपनाइन्छ । ५० प्रतिशत आन्तरिक मूल्याङ्कन र ५० प्रतिशत बाह्य मूल्याङ्कन अर्थात् आवधिक परीक्षाको आधारमा मूल्याङ्कन गरी कक्षोन्नति गरिन्छ । आन्तरिक मूल्याङ्कनलाई तपसिलबमोजिम व्यवस्थित गरिएको छ ।

**तपसिलः**

| क्र सं | क्षेत्र | अंक भार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति र कक्षा कार्यमा सहभागिता | ४ |
| २ | प्रयोगात्मक/परियोजना कार्य | ३६ |
| ३ | त्रैमासिक परीक्षाहरू | १० |

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार प्रस्तुत गर्नुपर्ने छ।

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीत (Not Graded) |

## आधारभूत तह (कक्षा ६—८) को विद्यार्थी मूल्याङ्कन ढाँचा

यस इलामको सेरोफेरो (आधारभूत तह ४-५) पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्नका लागि निर्माणात्मक र निर्णयात्मक दुवै किसिमका मूल्याङ्कन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइमा सुधार गर्नु भएकाले यसलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा लिइएको छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा सहभागिता, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्वः तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गरी विद्यार्थीहरुको सिकाइस्तर परीक्षण गरिनुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइस्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर समेत प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । समग्रमा विद्यार्थीहरुको सिकाइ स्तरलाई परीक्षण गर्न आन्तरिक मूल्याङ्कन  तर्फ ५० प्रतिशत र आवधिक मूल्याङ्कन तर्फ ५० प्रतिशतको हुने गरी अपनाइएको छ।

## आवधिक परीक्षा

निर्णयात्मक मूल्याङ्कनमा आवधिक परीक्षाको भार ५० प्रतिशत हुने छ। यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन्। प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । अन्तिम परीक्षाको प्रश्नपत्र यस पाठ्यक्रमले तय गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ । शैक्षिक सत्रको अन्तिममा लिएको परीक्षालाई नै प्रमाणिकरणको बाह्य परीक्षाको रुपमा लिइनेछ।

## आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनको भार ५० प्रतिशत हुने छ । यसमा विभिन्न पक्षहरुलाई समेटेर सोको आधारमा मूल्याङ्कनको अभिलेखीकरण गरिनेछ। यसका लागि रुजू सूची, श्रेणी मापन लगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यवहारिक समस्या लगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा

शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ ।